# प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६

प्रदेश राजपत्रमा प्रकाशित मिति
२०७६/११/२९

<u>प्रदेश रेडियो, एफ.एम र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६</u>

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं.१, प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरुको नाम **"प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६"** रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) **"तोकिएको अधिकारी"** भन्नाले ऐन र यस नियमावली बमोजिमको कार्य गर्न मन्त्रालयले तोकेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ ।

(ग) **"प्रशारण"** भन्नाले इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने रेडियो, एफ.एम. र टेलिभिजन समेतको सञ्चार सेवा सम्झनुपर्छ र सो शब्दले प्रशारण गर्ने संस्थाको स्थापना र संचालन गर्ने कार्य समेतलाई जनाउँछ ।

(घ) **"शुल्क दस्तुर"** भन्नाले ऐन र यस नियमावली बमोजिम प्रशारण संस्था वा व्यक्तिले प्रदेश सरकारलाई बुझाउनु पर्ने दस्तुर वा शुल्क सम्बन्धी सबै प्रकारका रकम सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## परिच्छेद-२

## प्रशारण संस्थाको सञ्चालन र व्यवस्थापन

३. **इजाजत पत्र सम्बन्धी व्यवस्था :** ऐन बमोजिम रेडियो, एफ. एम. र टेलिभिजनको प्रशारण सम्बन्धी इजाजत पत्र लिन चाहने व्यक्ति वा सस्थांले तोकिएको अधिकारी समक्ष ऐनको दफा ६ बमोजिमका कागजात सहित अनुसूची -१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

तर टेलिभिजन सम्बन्धी इजाजत पत्रको लागि निवेदन दिँदा स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकका टेलिभिजन प्रशारण गर्ने व्यक्ति वा प्रशारण संस्थाले मात्र इजाजतको लागि निवेदन दिन सक्नेछ ।

४. **निवेदन दस्तुर सम्बन्धी व्यवस्था :** (१) नियम ३ बमोजिमको निवेदन बापतको अनुसूची-२ बमोजिमको दस्तुर प्रदेश सरकारको राजश्व खातामा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको दस्तुर बुझाएको एकप्रति भौचर तोकिएको अधिकारी समक्ष निवेदन साथ पेश गर्नु पर्नेछ ।

५. **इजाजत पत्र दिन सकिने :** (१) ऐनको दफा ५ र नियम ३ बमोजिम परेको निवेदन तोकिएको अधिकारीले जाँचबुझ गर्दा इजाजत दिन उपयुक्त देखेमा ऐनको दफा ७ को उपदफा (१) बमोजिमको अवधिभित्र अनुसूची-२ बमोजिमको दस्तुर लिई तोकिएको अधिकारीले अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत पत्र दिनेछ र इजाजतपत्र दिदाँ फ्रिक्वेन्सीको इजाजतको लागि सङ्घीय सरकार समक्ष सिफारिस गर्नेछ र त्यस्तो सिफारिसको ढाचाँ मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपनियम (१) बमोजिम इजाजत पत्र दिँदा देहायका शर्त तोक्न सक्नेछ :-

(क) कुनै प्रशारण संस्थाले उत्पादन गरेको कार्यक्रम अरु कुनै प्रशारण संस्था वा व्यक्तिले प्रशारण गर्न चाहेमा उत्पादन गर्ने प्रशारण संस्था सँग अनुमती लिनु पर्ने,

(ख) इजाजत पत्रमा उल्लिखित कार्यक्रम बाहेकका अन्य कुनै कार्यक्रम प्रशारण वा वितरण गर्न नपाइने,

(ग) आपतकालीन वा विपद्को समयमा मन्त्रालयबाट निर्देशन भएमा एक पटकमा बढीमा तीन मिनेट सम्म र दैनिक बढीमा चार घण्टा सम्म सरकारी सूचनाहरु निःशुल्क प्रशारण गर्नु पर्ने,

(घ) कार्यक्रम प्रशारण वा वितरण गर्दा कसैको व्यक्तिगत घर कम्पाउण्ड वा सार्वजनिक जग्गा वा सडक, बिजुलीको खम्बा आदि प्रयोग गर्नु पर्ने भए सम्वन्धित व्यक्ति वा निकायसँग सहमति लिनु पर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

(ङ) सःशुल्क च्यानलको सिग्नल माग गर्ने इजाजत पत्र प्राप्त व्यक्ति वा प्रशारण संस्थालाई समान रुपमा सिग्नल उपलब्ध गराउनु पर्ने,

(च) कार्यक्रम प्रशारण गर्ने संस्था वा व्यक्ति र उपभोक्ता बीच कार्यक्रम वितरण वा उपभोग गर्ने सम्बन्धमा सम्झौता गर्नु पर्ने,

(छ) कार्यक्रम प्रशारण गर्ने प्रशारण संस्था वा व्यक्तिले कार्यक्रम प्रशारणको कम्तिमा आरम्भ, मध्य र अन्त्यमा आफ्नो परिचय (कल साइन) दिनु पर्ने,

(ज) प्रशारण संस्थाले प्रशारण गर्ने समाचारमूलक सामग्री सत्य तथ्य र निष्पक्षतामा आधारित हुने गरी प्रशारण गर्नु पर्ने,

(झ) लोक कल्याणकारी समाचारमूलक सामग्री प्रशारणमा प्राथमिकता दिनु पर्ने,

(ञ) समाचार प्रवाहमा देशको राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, जातीय, भाषिक तथा सांस्कृतिक सद्भाव र एकतामा कुनै पनि किसिमले असर नपर्ने गरी प्रशारण गर्नु पर्ने।

६. <u>इजाजत पत्र सम्बन्धी अन्य व्यवस्था :</u> (१) ऐनको दफा ८ बमोजिम इजाजत पत्र प्राप्त गरेको छ महिनाभित्र प्रशारण सम्बन्धी कामको प्रारम्भ हुन नसकेमा सोको आधार र कारण खुलाई सम्वन्धित प्रशारण संस्था वा व्यक्तिले तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन मनासिव देखिएमा तोकिएको अधिकारीले इजाजत पत्र वापतको दस्तुरमा थप पच्चीस प्रतिशत दस्तुर लिई छ महिना थप गर्न सक्नेछ र त्यस्तो थपिएको अवधिमा पनि प्रसारण हुन नसकेमा तोकिएको अधिकारीले थप पच्चीस प्रतिशत दस्तुर लिई पुनः छ महिना थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधि भित्र प्रसारण सम्बन्धी काम प्रारम्भ नगर्ने वा म्याद थपको लागि निवेदन पेश नगर्ने वा थप गरिएको अवधि भित्र प्रसारण सम्बन्धी काम प्रारम्भ नगर्ने व्यक्ति वा संस्थाको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

७. <u>प्रशारण केन्द्रको स्थापना सम्बन्धी विशेष व्यवस्था</u> : (१) कुनै स्वदेशी व्यक्ति, संस्था वा प्रचलित कानून बमोजिम स्वदेशी तथा विदेशी व्यक्ति वा संस्थाको संयुक्त लगानीमा ऐनको दफा ९ बमोजिम स्याटेलाईट टेलिभिजन बाहेकको टेलिभिजन वा एक सय वाट भन्दा माथि एक हजार वाटसम्मको रेडियो,एफ.एम. संचालन गर्न चाहेमा अनूसुची-२ बमोजिमको दस्तुर बुझाई देहाय बमोजिमको कागजात सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) आर्थिक, प्राविधिक तथा व्यवसायिक अध्ययन प्रतिवेदन सम्वन्धित इञ्जिनियरले हस्ताक्षर गरेको,

(ख) रीतपूर्वक घरबहाल सम्झौता र त्यस्तो घर रहेको जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपि,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.

(ग) जियो कोअर्डिनेट खुलेको टोपोग्राफिक नक्सा,

(घ) मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि,

(ङ) प्रशारण संस्था वा कम्पनीको तर्फबाट प्रशारण इजाजत पत्र लिने काम कारवाही गर्न अख्तियारी दिएको कागज,

(च) केबुल टेलिभिजनबाट प्रशारण गर्न केवुल वितरकसँग गरेको सम्झौताको प्रतिलिपि,

(छ) यस अघि एफ.एम. को इजाजत पत्र लिएको भए सो इजाजत पत्रको प्रमाणित प्रतिलिपि,

(ज) प्रचलित कानून बमोजिम प्राप्त कार्यक्षेत्र स्वीकृति सम्बन्धी पत्रको प्रमाणित प्रतिलिपि।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन जाँचबुझ गर्दा निवेदकलाई टेलिभिजन वा रेडियो, एफ.एम. सम्बन्धी प्रसारण गर्ने इजाजत दिन मनासिव देखिएमा मन्त्रालयले प्रदेश सरकार समक्ष प्रस्ताव पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रस्ताव मनासिव देखेमा प्रदेश सरकारले इजाजतपत्र दिने निर्णय गरी मन्त्रालयलाई निर्देशन दिनेछ ।

(४) उपनियम (३) बमोजिमको निर्देशन प्राप्त भएको पन्ध्र दिनभित्र अनुसूची -३ बमोजिमको ढाँचामा मन्त्रालयले इजाजतपत्र दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम इजाजत पत्र दिदाँ मन्त्रालयले आवश्यक शर्त तोक्न सक्नेछ ।

८. <u>नवीकरण सम्बन्धी व्यवस्था</u> : (१) ऐनको दफा १० बमोजिम इजाजत पत्रको नवीकरण गर्दा देहायका कागजात सहित तोकिएको अधिकारी समक्ष प्रत्येक बर्षको आषाढ मसान्त भित्र अनूसूचि-४ बमोजिमको ढाँचामा निवेदन दिई आगामी आर्थिक वर्षको लागि नविकरण गराई सक्नु पर्नेछ ।

(क) अघिल्लो आर्थिक वर्षको प्रशारण तथा वितरण शुल्क (रोयल्टी) बुझाएको प्रमाण,

(ख) अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाणपत्र र लेखा परीक्षण प्रतिवेदन,

(ग) कार्यक्रम प्रशारण सम्बन्धी संक्षिप्त कार्य तालिका तथा संलग्न जनशक्तिको संख्या सहितको संक्षिप्त विवरण,

(घ) ठाउँसारी गरेको भए सो को इजाजत सम्बन्धी प्रमाण।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(२) उपनियम (१) बमोजिम इजाजत पत्रको नवीकरण अनुसूची – २ बमोजिमको दस्तुर लिई अनूसुची-५ बमोजिमको ढाचाँमा तोकिएको अधिकारीले एक आर्थिक वर्षको लागि नवीकरण गरिदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगरी सो अवधि नाघेको एक महिनाभित्र नवीकरण गर्न आएमा इजाजतपत्र नवीकरण दस्तुरको पाँच प्रतिशत थप दस्तुर लिई नवीकरण गरीदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको अवधिभित्रमा पनि नवीकरण गर्न नआएमा अर्को एक महिनाको लागी इजाजतपत्र नवीकरण दस्तुरको दश प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको अवधि भित्रमा पनि नवीकरण गर्न नआएमा अर्को एक महिनाको लागी इजाजतपत्र नवीकरण दस्तुरको विस प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिमको अवधि भित्रमा पनि नवीकरण गर्न नआएमा अर्को एक महिनाको लागी इजाजतपत्र नवीकरण दस्तुरको चालिस प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिमको अवधि भित्रमा पनि नवीकरण गर्न नआएमा अर्को एक महिनाको लागी इजाजतपत्र नवीकरण दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(८) आर्थिक बर्ष समाप्त भएको पाँच महिना समाप्त भई छैठौ महिना भित्र इजाजतपत्र नवीकरण गर्न आएमा साठी प्रतिशत थप दस्तुर लिई नवीकरण गरिदिनु पर्नेछ ।

(९) नवीकरण गर्नुपर्ने आर्थिक वर्ष समाप्त भएको छ महिना हुँदा पनि इजाजत्रपत्र नवीकरण गर्न नआएमा सत प्रतिशत थप दस्तुर लिई आषाढमसान्त भित्र नविकरण गर्न सकिनेछ र आर्थिक बर्ष समाप्त भएको एक बर्षसम्म नविकरण नगर्ने प्रसारण संस्थाको ईजाजत पत्र तोकिएको अधिकारीको सिफारिसमा मन्त्रालयले खारेज गर्नेछ ।

(१०) उपनियम (३),(४),(५),(६), (७),(८) र (९) मा जुनसुकै कुरा लेखिएको भएता पनि अघिल्लो आर्थिक वर्षको असार मसान्तभित्र नवीकरण गर्नुपर्ने प्रसारण संस्थाले हालसम्म नवीकरण नगरेको भए नवीकरण दस्तुर र यस नियम बमोजिम पेश गर्नुपर्ने कागजात पेश गरी नवीकरण गर्न यो नियमावली लागु भएको आर्थिक वर्षको आषाढ मसान्त भित्रमा निवेदन दिएमा एक पटकका लागी थप दस्तुर नलिई नवीकरण गरी दिनु पर्नेछ र अघिल्लो आर्थिक वर्ष भन्दा विगतको एक आर्थिक बर्षको नवीकरण गर्न छुट भई पून नवीकरण गर्न चाहने संस्थाले नवीकरण दस्तुरको थप सत प्रतिशत दस्तुर लिई एक पटकका लागि नवीकरण गरी दिनु पर्नेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(११) उपनियम (१०) बमोजिमको अवस्था भन्दा बाहेक अघिल्लो आर्थिक बर्ष भन्दा अगाडीका विगतका आर्थिक बर्षहरुमा समेत नवीकरण नगरेका प्रसारण संस्थाहरुले यो नियम लागू भएको आर्थिक बर्षको आषाढ मसान्तभित्र नवीकरण गर्न चाहेमा यस नियम बमोजिम पेश गर्नुपर्ने कागजात पेश गरी नवीकरणको लागि निवेदन दिएमा जति बर्षको नवीकरण नगरेको भए तापनि कार्यक्रम प्रसारण गर्ने इजाजतपत्र लिँदा लाग्ने दस्तुर बराबरको दस्तुर लिई एक पटकका लागि नवीकरण गरिदिनु पर्नेछ ।

(१२) यस नियम बमोजिम प्रसारण संस्था नवीकरण गर्दा उपकरण समेतको प्रत्येक आर्थिक वर्षको अषाढ मसान्तभित्र इजाजपत्र नवीकरण सँगै नवीकरण गर्नु पर्नेछ ।

(१३) उपनियम (१२) बमोजिम उपकरण नवीकरण बापतको दस्तुर अनुसूची –२ बमोजिम हुनेछ र प्रत्येक वर्षको आषाढ मसान्तभित्र नवीकरण नगरेमा इजाजतपत्र नवीकरण गर्दा लाग्ने थप दस्तुरको प्रतिशत नै उपकरण नवीकरणका लागि समेत थप प्रतिशत मानि उपकरण नवीकरण गरीनेछ ।

(१४) उपनियम (१०) र (११) बमोजिम प्रसारण संस्थाको नवीकरण गर्दा त्यस्ता संस्थाले यस नियम बमोजिमको प्रत्येक बर्ष लाग्ने दस्तुर बुझाई उपकरणको समेत नवीकरण गर्नुपर्नेछ र त्यस्तो प्रसारण संस्थाले एक पटकको लागि अतिरिक्त वा थप दस्तुर बुझाउनु पर्ने छैन ।

९. <u>रीले स्टेशन स्थापना सम्बन्धी व्यवस्था :</u> (१) अन्य प्रदेशमा प्रचलित कानून बमोजिम प्रशारण इजाजत पत्र लिई कार्यक्रम प्रशारण गरेका प्रशारण संस्था वा व्यक्तिले प्रदेश नं. १ मा समेत ट्रान्समिटर लगायतका उपकरण राखी छुट्टै रीले स्टेशन स्थापना गरी कार्यक्रम प्रशारण गर्न चाहेमा त्यस्ता प्रशारण संस्थाले देहाय बमोजिमको विवरण सहित तोकिएको अधिकारी समक्ष दुई हजार दस्तुर प्रदेश सरकारको राजश्व खातामा बुझाएको भौचर साथ अनुसूची -६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ :-

(क) सम्वन्धित प्रदेशमा लिइएको इजाजत पत्र तथा सो सगँ सम्वन्धित कागजात,

(ख) राजस्व बुझाएको भौचरको प्रति,

(ग) रीले स्टेशन खोल्नुपर्ने कारण र आधार सहितको प्रस्ताव पत्र,

(घ) रीले स्टेशन खोल्न चाहेको क्षेत्रको नक्सा र स्टेशन खोल्न चाहेको स्थानको विवरण,

(ङ) रीले स्टेशन स्थापना गरिने स्थानीय तहको सिफारिस ।

(२) उपनियम (१) बमोजिमको निवेदन परेमा तोकिएको अधिकारीले देहायको बिषयमा जाचँबुझ गरी रीले स्टेशन स्थापना सम्बन्धी इजाजत पत्र दिन सक्नेछ :-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

(क) रीले स्टेशनले प्रदेशको भाषा, संस्कृति, कला र साहित्यमा सकारात्मक प्रभाव पार्न सक्ने वा नसक्ने,

(ख) प्रदेशको कृषि, उद्योग, वन, पर्यटन र खेलकूदलाई प्रवर्द्धन गर्न सक्ने वा नसक्ने,

(ग) प्रादेशिक जातीय, भाषिक, सांस्कृतिक एकताको प्रवर्द्धनमा सहयोग पुऱ्याउने वा नपुऱ्याउने,

(घ) यस प्रदेशमा इजाजत पत्र लिई संचालनमा रहेका प्रशारण संस्थालाई प्रतिकूल असर पर्ने वा नपर्ने ।

(३) उपनियम (२) बमोजिम शर्तहरु अध्ययन गरी तोकिएको अधिकारीले मन्त्रालय समक्ष इजाजत पत्र दिन मनासिव देखेमा इजाजत पत्रको लागि सिफारिस गर्नेछ र मन्त्रालयले इजाजतपत्र प्रदान गर्न तोकिएको अधिकारीलाई निर्देशन दिनेछ ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम तोकिएको अधिकारीले प्रसारण संस्था स्थापना र संचालन गर्न अनुसूची -२ बमोजिमको दस्तुर लिई अनुसूची -७ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(५) ऐन र यस नियम प्रारम्भ हुनुभन्दा अघि स्थापना भई संचालनमा रहेका रीले स्टेशन स्थापना गरेको प्रसारण संस्था संचालन सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

१०. <u>प्रशारण तथा वितरण शुल्क (रोयल्टी) सम्बन्धी व्यवस्था</u> : (१) ऐनको दफा १२ बमोजिम प्रशारण संस्थाले कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा वा कार्यक्रम उत्पादन गरी प्रशारण गरेमा आफूले गरेको अघिल्लो आर्थिक बर्षको कुल कारोबारको शुन्य दशमलव पाँच प्रतिशत रकम प्रशारण तथा वितरण शुल्क (रोयल्टी) प्रत्येक आर्थिक बर्ष समाप्त भएको छ महिना भित्र प्रदेश सरकारको राजस्व खातामा बुझाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रशारण शुल्क बुझाउँदा सम्वन्धित प्रशारण संस्था वा व्यक्तिले प्रशारण शुल्क साथ अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम प्रशारण तथा बितरण शुल्क नबुझाउने वा उपनियम (२) बमोजिमको लेखा परीक्षणको प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र पेश नगर्ने प्रशारण संस्था वा व्यक्तिको सम्बन्धमा प्रदेश सरकारले देहाय बमोजिम गर्न सक्नेछः-

(क) उपनियम (१) बमोजिमको अवधिभित्र प्रशारण तथा वितरण शुल्क, लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र नबुझाउने प्रशारण संस्थाले म्याद नाघे पछिको पहिलो महिनाको लागि शुल्क (रोयल्टी) को थप दश प्रतिशत र सो पछि प्रत्येक महिनाको हकमा क्रमश: दश प्रतिशतका दरले



आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

वृद्धि गरी वितरण शुल्क लिईनेछ र जेष्ठ महिनाभित्र पनि नबुझाई असार मसान्तसम्म शुल्क (रोयल्टी) बुझाएमा शत प्रतिशत थप अक्तिरिक्त शुल्क (रोयल्टी) लिईनेछ।

(ख) खण्ड (क) बमोजिमको अवधिमा समेत शुल्क (रोयल्टी) नबुझाएमा त्यस्तो प्रशारण संस्थाको इजाजत पत्र नवीकरण गरिने छैन ।

(४) उपनियम (३) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता नियम ८ को उपनियम (१०) बमोजिम नवीकरण हुने प्रसारण संस्थाको हकमा प्रसारण शुल्क (रोयल्टी) को दरमा कुनै थप दस्तुर लाग्ने छैन तथा नियम ८ को उपनियम (११) बमोजिम नवीकरण हुने प्रसारण संस्थाको हकमा जति बर्षको प्रसारण शुल्क (रोयल्टी) बुझाउन बाँकी रहेको भए पनि प्रत्येक बर्षको आधा प्रतिशत हिसाब गरी हुने रकम एकमुष्ट बुझाउनु पर्नेछ ।

## परिच्छेद-३
## विविध

११. **सञ्चार माध्यमको हक हस्तान्तरण :** (१) ऐनको दफा ७ बमोजिम इजाजत पत्र प्रदान गरी अभिलेखीकरण भएको सञ्चार माध्यमको हक वा स्वामित्व हस्तान्तरण भई कसैले त्यस्तो हक प्राप्त गरेमा सो स्वामित्व प्राप्त गर्ने व्यक्ति वा संस्थाले अनुसूची -८ बमोजिमको ढाँचामा तीस दिन भित्र तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भए पछि तोकिएको अधिकारीले त्यस्तो विवरण अनुसूची -९ बमोजिमको दर्ता किताबमा दर्ता जनाई हक हस्तान्तरण गरी अनुसूची -१० बमोजिमको ढाँचामा सम्वन्धित व्यक्ति वा संस्थालाई निस्सा दिनु पर्नेछ।

१२. **इजाजत पत्रको प्रतिलिपि दिने :** कुनै पनि इजाजत पत्र हराएमा वा प्रकोपमा परी नासिएको वा पुरानो भई च्यातिएको कारण देखाई सम्वन्धित संस्था वा व्यक्तिले प्रतिलिपि माग गरेमा पाँचसय रुपैया दस्तुर लिई त्यस्तो इजाजत पत्रको प्रतिलिपि तोकिएको अधिकारीले दिन सक्नेछ ।

१३. **विवरण बदल्न सक्ने :** (१) कसैले इजाजत पत्र तथा इजाजत पत्रमा उल्लेखित कुनै पनि विवरण बदल्न चाहेमा एक हजार रुपैया दस्तुर सहित तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

**स्पष्टीकरणः** यस नियमको प्रयोजनको लागि “विवरण” भन्नाले इजाजपत्र वा अनुमतिपत्रमा उल्लिखित नाम,थर,ठेगाना जस्ता सामान्य विवरण सम्झनु पर्छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्र.न.१

(२) उपनियम (१) बमोजिम विवरण बदल्न दिएको निवेदन जाँचबुझ गर्दा मनासिव देखिए तोकिएको अधिकारीले निवेदन बमोजिमको विवरण हेरफेर गरी दिनुपर्नेछ ।

१४. <u>प्रशारण सम्बन्धी कार्य बन्द गर्न सक्ने</u> : (१) इजाजत पत्र प्राप्त प्रशारण संस्था वा व्यक्तिले कुनै कारणवस आफूले प्रशारण गर्दै आएको प्रशारण सम्बन्धी कार्य बन्द गर्न चाहेमा संचालक समितिको निर्णय र बुझाउनु पर्ने शुल्क दस्तुर सहित निवेदन पन्ध्र दिन अगाडि नै तोकिएको अधिकारी समक्ष दिनु पर्नेछ र स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको अन्य टेलिभिजनको हकमा तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रशारण सम्बन्धी कार्य बन्द गरेको जानकारी प्राप्त भएमा तोकिएको अधिकारीले सो को अभिलेख दर्ता कितावमा जनाई प्रशारण संस्था बन्द भएको जानकारी सम्वन्धित प्रशारण संस्था वा व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको जानकारी प्राप्त भएपछि पनि इजाजत पत्र प्राप्त प्रशारण संस्था वा व्यक्तिले प्रशारण संस्था संचालन गरीरहेको पाइएमा त्यस्तो प्रशारण बन्द गरी प्रदेश सरकार वा प्रदेश सरकारले तोकिएको अधिकारीले प्रचलित प्रदेश कानून बमोजिम कार्वाही गर्नेछ ।

१५. <u>अनुगमन तथा सुपरीवेक्षण</u>: (१) कुनै व्यक्ति वा प्रशारण संस्थाले ऐन तथा यस नियमावली वा इजाजत पत्र मा उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रशारण गरे वा नगरेको सम्बन्धमा सम्वन्धित मन्त्रालय वा तोकिएको अधिकारीले अनुसूची ११ बमोजिमको ढाँचामा प्रशारण संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्न सक्नेछ । यसरी अनुगमन तथा निरीक्षण गर्दा देहायका व्यक्तिहरुलाई समावेश गर्न सकिनेछ।

(क) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि
(ख) ब्रोडकाष्टिङ एसोसिएसन अफ नेपालको प्रदेश/जिल्लाको प्रतिनिधि
(ग) नेपाल पत्रकार महासंघको प्रदेश वा जिल्ला शाखाको प्रतिनिधि
(घ) सामुदायिक रेडियो प्रशारण संस्थाको प्रदेश/जिल्लाको प्रतिनिधि

(२) उपनियम (१) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा इजाजत पत्रमा उल्लिखित शर्त बमोजिम प्रकाशन तथा प्रशारण गरेको नपाइएमा त्यस्ता प्रशारण संस्थालाई शर्तहरु पालना गर्न मन्त्रालय वा तोकिएको अधिकारीले आवश्यक निर्देशन दिन सक्नेछ र सो निर्देशनको प्रति तोकिएको अधिकारीले अभिलेख राख्नु पर्नेछ।

(३) कुनै प्रशारण संस्थाले उपनियम (२) बमोजिम दिएको निर्देशन पालना नगरेको अवस्थामा मन्त्रालयले ऐनको दफा १७ उपदफा (२) बमोजिमको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रक्रिया अगाडि बढाउँदा अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणमा देखिएका कैफियतहरु र त्यसको सुधार गर्न उपयुक्त समय दिई स्पष्टीकरण सोध्ने लगायत ऐनको दफा १७(२) बमोजिम सुनुवाईको मौका दिएर मात्र गर्नु पर्नेछ।

१६. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्ने अधिकारी</u> : प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

१७. <u>कार्यविधि/ निर्देशिका बनाउन सक्ने</u> : यस नियमावलीको कार्यान्वयनको लागि आवश्यक विषयमा मन्त्रालयले कार्यविधि/ निर्देशिका बनाई लागू गर्न सक्नेछ।

१८. <u>बाधा अड्काउ फुकाउः</u> यो नियमावलीको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन परेमा ऐन तथा नियमावलीको विपरित नहुने गरी मन्त्रालयले वाधा अड्काउ फुकाउने निर्णय गर्न सक्नेछ ।

१९. <u>बचाउः</u> यो नियमावली प्रारम्भ हुनुभन्दा अघि ऐन र यो नियमावली बमोजिम गर्नु पर्ने कुनै काम कार्वाही गरेको भए यसै नियमावली बमोजिम भएको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -१

(नियम ३ को उपनियम (१) सँग सम्वन्धित)

## रेडियो/एफ.एम./स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको टेलिभिजन इजाजत पत्र को निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू,

................................ मन्त्रालय,

प्रदेश नं.१, विराटनगर ।

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ को नियम ३ वमोजिम रेडियो/एफ. एम. / टेलिभिजन प्रशारण गर्ने इजाजत पत्र प्राप्त गर्नको लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेश गरेको छु/छौं।

१. निवेदकको,

| (क) स्थायी ठेगाना | (ख) अस्थायी ठेगाना |
|---|---|
| प्रदेशः | प्रदेशः |
| जिल्लाः | जिल्लाः |
| ................पालिका | ............. पालिका |
| वडा नं.: | वडा नं.: |
| टोलः | टोलः |
| फोन नंः | फोन नंः |
| मोबाइल नं. | मोबाइल नं. |
| फ्याक्स नं.: | फ्याक्स नं.: |
| नागरिकता लिएको जिल्ला : | इमेल ठेगाना : |

नागरिकता नं. र नागरिकता जारी भएको मिति :

२. प्रशारण संस्था वा व्यक्तिको,

- क) नाम :
- ख) आर्थिक स्थिति (स्थिर वा चालु पूँजी)
- ग) अनुभव :
- घ) प्राविधिक दक्षता :
- ङ) संस्था दर्ता नं. (संस्थाको हकमा)

३. संयुक्त (साझेदारी) प्रसारण संस्था संचालन गर्ने भएः

- क) संयुक्त (साझेदार) संस्थाको नाम :
- ख) संयुक्त (साझेदार)संस्था प्रत्येकको ठेगानाः
- ग) प्रत्येक संयुक्त (साझेदार)को लगानी हिस्सा प्रतिशतमा :
- घ) विदेशी व्यक्ति वा संस्थाको हकमा संघीय सरकारको अनुमति पत्रको मिति :
- ङ) संघीय सरकारबाट अनुमति दिने अधिकारीको नाम, पद

४. प्रशारण गरिने स्थान :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

५. प्रशारण हुने क्षेत्र :

६. प्रशारण शुरु हुने मिति :

७. प्रशारणको माध्यम :

(क) डिजिटल

(ख) ब्याण्ड

(ग) च्यानल

(घ) एण्टेना

(ङ) ट्रान्समिटर

अन्य सञ्चार माध्यम भए(प्रशारण गर्दा प्रयोग गरिने माध्यम खुलाउने)

८. प्रशारणको क्षमता :

९. प्रशारण गर्ने तरिका -

क) डिजिटल प्रशारण केन्द्र स्थापना गरी प्रशारण गर्ने

ख) डिजिटल प्रशारण केन्द्र स्थापना गरी अन्य केवुल प्रसारकलाई सिग्नल वितरण गर्ने

१०. प्रशारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :

११. प्रशारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

१२. प्रशारण गर्दा प्रयोग गरिने यन्त्र तथा उपकरणहरुको छुट्टै विस्तृत विवरण :

१३. प्रशारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग सम्झौता गरिएको भए सो सम्झौताः

१४. प्रशारणमा प्रयोग हुने भाषा :

१५. प्रशारणको समयावधि :

१६. प्रशारण गरिने कार्यक्रमहरु :

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदककोः-

सही :

नाम :

संस्थाको
छाप

<u>कार्यालय प्रयोजनका लागि</u>

रुजू गर्ने अधिकारीको नाम :

दर्जा :

दस्तखत :

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

अनुसूची-२

(नियम ४ उपनियम (१), नियम ५ को उपनियम (१), नियम ७ को उपनियम (१),नियम ८ को उपनियम (२) र (१३) तथा नियम ९ को उपनियम (४) सँग सम्वन्धित)

<u>रेडियो/एफ.एम./स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको टेलिभिजनको निवेदन दिँदा, इजाजत पत्र दिँदा तथा नविकरण गर्दा लाग्ने दस्तुर</u>

**(१)रेडियो एफ. एम. को प्रसारण केन्द्र स्थापना तथा रेडियो एफ. एम को रिले स्टेशन स्थापना लागिः-**

**(क) निवेदन बापतको दस्तुर** - रु. दुई हजार,

**(ख) प्रसारण केन्द्र स्थापना इजाजत बापतको दस्तुर**

१. १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि रु. एक लाख पचास हजार

२. २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि रु. तीन लाख

३. ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि रु. सात लाख पचास हजार,

**(ग) इजाजपत्र नवीकरण बापतको दस्तुर**

१. १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि पन्ध्र हजार

२. २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि तीस हजार रुपैंया

३. ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि पचहत्तर हजार रुपैया,

**२. टेलिभिजन प्रशारण केन्द्र(स्याटेलाईट बाहेक) स्थापनाको अनुमतिको लागि निवेदन दस्तुर र इजाजत नविकरण बापतको दस्तुर**

**(क) निवेदन बापतको दस्तुर**

१. स्याटेलाईट टेलिभिजन बाहेकका केवुल टेलिभिजन वा अन्य सञ्चार माध्यमद्धारा कार्यक्रम प्रशारण गर्न - रु. पाँच हजार

२. डाउनलिंक र सिग्नल वितरणको लागि - रु. पाँच हजार

**(ख) इजाजत पत्र बापत लाग्ने दस्तुर**

(१) महानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि -रु. एक लाख

(२) उपमहानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि -रु. पचास हजार

(३) नगरपालिकाभर कार्यक्रम प्रसारण गर्नका लागि -रु. पच्चीस हजार

(४) महानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि -रु. पन्ध्र हजार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५

(५) उपमहानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि रु. १०,०००।–

(६) दुर्गम र अति विकट गाउँपालिकाका लागि - रु. एक हजार

(७) खण्ड (४), (५) र (६) बाहेकका अन्य प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि -रु. दुई हजार

<u>द्रष्टव्यः–</u> दुर्गम र अति विकट गाउँपालिका भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्गका सदरमुकाममा पर्ने नगरपालिका बाहेकका अन्य गाउँपालिका सम्झनु पर्दछ ।

**(ग) इजाजत पत्र नविकरण बापत लाग्ने दस्तुर**

(१) महानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नेको लागि -रु. एक हजार

(२) उपमहानगरपालिका क्षेत्रभर कार्यक्रम प्रसारण गर्नको लागि -रु. पाँच सय

(३) नगरपालिकाभर कार्यक्रम प्रसारण गर्नका लागि -रु दुई सय पचास

(४) महानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि -रु. एक सय पचास

(५) उपमहानगरपालिकासँग सिमाना जोडिएका प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि -रु.एक सय

(६) दुर्गम र अति विकट गाउँपालिकाका लागि - रु. एक सय

(७) खण्ड (४), (५) र (६) बाहेकका अन्य प्रत्येक स्थानीय तहमा कार्यक्रम प्रसारण गर्नको लागि -रु. दुई सय

<u>द्रष्टव्यः–</u> दुर्गम र अति विकट गाउँपालिका भन्नाले ताप्लेजुङ, पाँचथर, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ्गका सदरमुकाममा पर्ने नगरपालिका बाहेकका अन्य गाउँपालिका सम्झनु पर्दछ ।

**(घ) इजाजत पत्र नविकरण बापतको दस्तुर**

१. केवुल टेलिभिजन प्रसार केन्द्र स्थापना गरी कार्यक्रम प्रसारणका लागि – रु. पचास हजार

२. सिग्नल वितरणका लागि – रु. एक हजार पाँच सय

३. इन्टरनेट प्रोटोकलमा आधारित टेलिभिजन आइपिटिभी) प्रणालीबाट कार्यक्रम प्रशारण गर्नका लागि प्रति च्यानलका लागि – रु. दुई हजार पाँच सय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं १

४. डिजिटल प्रविधिमा आधारित सिग्नल वितरण गर्नका लागि र आँफैले प्रदेशभर केवुलको माध्यमबाट ग्राहक समक्ष कार्यक्रम वितरण गर्न जतिसुकै च्यानल भएपनि – रु. एक लाख

**३. उपकरण इजाजतपत्र सम्बन्धी दस्तुर**

१. १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि रू. चार हजार

२. २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि रु. छ हजार

३. ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि रु. दस हजार

**४. उपकरण नवीकरण बापतको दस्तुर**

१. १०० वाट भन्दा माथि २५० वाट सम्मको लागि रु. दुई हजार

२. २५० वाट भन्दा माथि ५०० वाट सम्मको लागि रु. तीन हजार

३. ५०० वाट भन्दा माथि १००० वाट सम्मको लागि रु. पाँच हजार

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -३

(नियम ५ को उपनियम (१) र नियम ७ को उपनियम (४) सँग सम्वन्धित)

## <u>रेडियो/एफ.एम./स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको टेलिभिजनको सञ्चालन का लागि दिइने प्रशारण इजाजत पत्र को ढाँचा</u>

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. ठेगाना :

| | |
|---|---|
| क) स्थायी ठेगाना : | ख) अस्थायी ठेगाना : |
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| स्थानिय तह : | स्थानिय तह : |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| मोबाइल नम्बरः | मोबाइल नम्बरः |
| इमेल : | इमेल : |

३. संस्था भए :

संस्थाको नाम :

संस्था दर्ता र मिति :

४. संयुक्त (साझेदार) प्रसारण संस्था संचालन गर्ने भएः

क) संयुक्त (साझेदार) संस्थाको नाम :

ख) संयुक्त (साझेदार) संस्था प्रत्येकको ठेगानाः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

ग) प्रत्येक संयुक्त (साझेदार)को लगानी हिस्सा प्रतिशतमा :

घ) विदेशी व्यक्ति वा संस्थाको हकमा संघीय सरकारको अनुमति पत्रको मिति :

ङ) संघीय सरकारबाट अनुमति दिने अधिकारीको नाम, पदः

५. व्यक्ति भए :

नागरिकता लिएको जिल्लाः

जारी मिति र नागरिकता नं :

६. प्रशारण गर्दा प्रयोग गरिने :

क) फ्रिक्वेन्सी : ख) व्याण्डः

ग) च्यानेल : घ) ट्रान्समिटर :

ङ) एण्टेनाः

(अन्य विवरण भए सो समेत खुलाउने)

७. प्रशारण प्रणाली स्थापना हुने ठाउँ र प्रशारण केन्द्र :

८. प्रशारण हुने क्षेत्र र जनसङ्ख्या :

९. प्रशारण शुरु हुने मिति :

१०. प्रशारणमा प्रयोग हुने भाषा :

११. प्रशारण क्षमता :

१२. प्रशारण समय र समयावधि :

१३. प्रशारण गरिने कार्यक्रमहरु :

१४. प्रशारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१५. इजाजत पत्र बहाल रहने मिति :

१६. प्रशारण गर्दा पालना गर्नु पर्ने शर्तहरु :

क) कार्यक्रम पालना गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

ख) प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५ र प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकिदिएका अन्य शर्तहरुको समेत पालना गर्नुपर्नेछ।

ग) प्रचलित कानूनद्वारा तोकिएको मापदण्ड बमोजिमको स्टुडियो र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

मन्त्रालयको छाप :

इजाजत पत्र दिने अधिकारीको :

सही :
नाम :
दर्जा :
मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -४

(नियम ८ को उपनियम (१) सँग सम्वन्धित)

## रेडियो/एफ.एम./स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको टेलिभिजनको नवीकरणका लागि दिइने निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू,

.......................................... मन्त्रालय,

प्रदेश नं.१, विराटनगर ।

मैले/ हामीले मिति.............................. मा प्राप्त गरेको इजाजत पत्र नं. ............ आ.व. ................ को लागि नवीकरण गरिदिन नवीकरण दस्तुर समेत बुझाई ( भौचर नं........... मिति ....................................) श्रीमान समक्ष (आवश्यक कागजात संलग्न गरी) अनुरोध गर्दछु/गर्दछौं।

.................

निवेदक

संलग्न

१. निवेदन
२. सक्कल इजाजत पत्र
३. भौचर/रसिद
४. प्रशारण तथा वितरण शुल्क बुझाएको प्रमाण
५. अघिल्लो आर्थिक बर्षको कर चुक्ताको प्रमाण पत्र र लेखापरीक्षण प्रतिवेदन
६. कार्य तालिका तथा जनशक्तिको संख्या
७. ठाउँसारी भए सोको इजाजत सम्बन्धी प्रमाण ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

अनुसूची- ५

(नियम ८ को उपनियम (२) सँग सम्वन्धित)

## रेडियो/एफ.एम./स्याटेलाईट प्रणालीबाट प्रशारण हुने बाहेकको टेलिभिजनको सञ्चालनका लागि दिइने इजाजत पत्र को नवीकरण प्रमाणपत्रको ढाँचा

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नाम :

२. ठेगाना :

(क)स्थायी ठेगाना :

प्रदेश :

जिल्ला :

नगरपालिका/ गाउँपालिका :

वडा नं :

गाउँ/ टोल :

फोन नं.

मोबाइल नं.

(ख) अस्थायी ठेगाना :

प्रदेश :

जिल्ला :

नगरपालिका/ गाउँपालिका :

वडा नं :

गाउँ/ टोल :

फोन नं. :

मोबाइल नं.

३. प्रशारण संस्था वा व्यक्तिको नाम :

४. प्रशारणको माध्यम :

५. प्रशारणको क्षमता :

६. प्रशारण गर्दा प्रयोग गरिने :

(क) फ्रिक्वेन्सी :

(ख) व्याण्डः

(ग) च्यानेल :

(घ) ट्रान्समिटर :

(ङ) एण्टेनाः

७. प्रशारण प्रणाली स्थापना हुने ठाउँ र प्रशारण केन्द्र :

८. प्रशारण हने क्षेत्र र जनसङ्ख्या :

९. प्रशारण शुरु हुने मिति :

१०. प्रशारणमा प्रयोग हुने भाषा :

११. प्रशारणको समय र अवधि :

१२. प्रशारण गरिने कार्यक्रमहरु :

१३. इजाजत पत्र बहाल रहने मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१४. अन्य शर्तहरु :

(क)

(ख)

(ग)

मन्त्रालयको छाप :

इजाजत पत्र दिने अधिकारीको :

सही :

नाम :

मिति :-

दर्जा :

मन्त्रालयः-

<u>नवीकरणको विवरण</u>

आर्थिक वर्ष .........

नवीकरण दस्तुर तथा अन्य विवरण ............

नवीकरण मिति .......

नवीकरण गर्ने अधिकारीको दस्तखत................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -६

(नियम ९ को उपनियम (१) सँग सम्वन्धित)

## रेडियो/एफ.एम./ रीले स्टेशन स्थापनाका लागि इजाजत पत्रको निवेदनको ढाँचा

श्रीमान् सचिवज्यू,
................................ मन्त्रालय,
प्रदेश नं.१, विराटनगर ।

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ वमोजिम रेडियो/ एफ. एम.को रीले स्टेशन स्थापना गर्नका लागी इजाजत पत्र प्राप्त गर्न देहायको विवरण खुलाई यो निवेदन पेश गरेको छु/छौं।

१. निवेदकको,

(क) स्थायी ठेगाना
प्रदेशः
जिल्लाः
................पालिका
वडा नं.:
टोलः
फोन नंः
मोबाइल नं.
नागरिकता लिएको जिल्ला :
नागरिकता नं. र नागरिकता जारी भएको मिति :

(ख) अस्थायी ठेगाना
प्रदेशः
जिल्लाः
............. पालिका
वडा नं.:
टोलः
फोन नंः
मोबाइल नं.
इमेल ठेगाना :

३. रीले स्टेशन स्थापना गर्ने संस्थाले प्राप्त गरेको इजाजपत्रकोः-
(क) प्रदान गर्ने निकायः
(ख) प्राप्त मितिः
(ग) प्रदान गर्ने अधिकारीः
(घ) रीले स्टेशन स्थापना गर्नु पर्ने कारणः

४. प्रशारण संस्था वा व्यक्तिको,
क) नाम :
ख) आर्थिक स्थिति (स्थिर वा चालु पूँजी)
ग) अनुभव :
घ) प्राविधिक दक्षता :
ङ) संस्था दर्ता नं. (संस्थाको हकमा)

५. रीले स्टेशन स्थापना गरिने स्थान :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

६. रीले स्टेशनबाट प्रशारण हुने क्षेत्र :

७. प्रशारण शुरु हुने मिति :

८. प्रशारणको माध्यम :

(क) डिजिटल

(ख) ब्याण्ड

(ग) च्यानल

(घ) एण्टेना

(ङ) ट्रान्समिटर

अन्य सञ्चार माध्यम भए(प्रशारण गर्दा प्रयोग गरिने माध्यम खुलाउने)

९. प्रशारणको क्षमता :

१०. प्रशारण गर्ने तरिका -

क) डिजिटल प्रशारण केन्द्र स्थापना गरी प्रशारण गर्ने

ख) डिजिटल प्रशारण केन्द्र स्थापना गरी अन्य केवुल प्रसारकलाई सिग्नल वितरण गर्ने

११. प्रशारण गर्दा प्रयोग गरिने फ्रिक्वेन्सी र च्यानेल :

१२. प्रशारणमा प्रयोग गरिने चिन्ह, संकेत वा लोगो :

१३. प्रशारण गर्दा प्रयोग गरिने यन्त्र तथा उपकरणहरुको छुट्टै विस्तृत विवरण :

१४. प्रशारण सम्बन्धमा उपभोक्ता तथा अन्य व्यक्ति वा निकायसँग सम्झौता गरिएको भए सो सम्झौताः

१५. प्रशारणमा प्रयोग हुने भाषा :

१६. प्रशारणको समयावधि :

१७. प्रशारण गरिने कार्यक्रमहरु :

१८. नियम(९) बमोजिमका कागजातको विवरण र कागजातको प्रमाणीत प्रतिलिपी।

माथि लेखिएका व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

**निवेदकको:-**

सही :

नाम :

मिति :

संस्थाको छाप

<u>कार्यालय प्रयोजनका लागी</u>

रुजू गर्ने अधिकारोको नाम :

दर्जा :

दस्तखतः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -७

(नियम ९ को उपनियम (४))

**<u>रेडियो/एफ.एम. को रीले स्टेशन सञ्चालन का लागि दिइने प्रशारण इजाजत पत्रको ढाँचा</u>**

इजाजत पत्र नं. :

१. इजाजत पत्र पाउने व्यक्ति वा संस्थाको नामः

२. संचालको ठेगानाः

| | |
|---|---|
| ख) स्थायी ठेगाना : | ख) अस्थायी ठेगाना : |
| प्रदेशः | प्रदेशः |
| जिल्ला : | जिल्ला : |
| स्थानिय तह : | स्थानिय तह : |
| वडा नं : | वडा नं : |
| गाउँ/ टोल : | गाउँ/ टोल : |
| फोन नं. : | फोन नं. : |
| मोबाइल नं. | मोबाइल नं. |
| इमेल : | इमेल : |

३. रीले स्टेशन स्थापना गर्ने संस्थाको मुख्य कार्यालयको नाम, ठेगानाः

४. संस्था भए :

संस्थाको नाम :

संस्था दर्ता र मिति :

५. व्यक्ति भए :

संचालको नागरिकता लिएको जिल्ला

नागरिकता नं/ जारी मिति :

६. प्रशारण गर्दा प्रयोग गरिने :

| | |
|---|---|
| क) फ्रिक्वेन्सी : | ख) व्याण्डः |
| ग) च्यानेल : | घ) ट्रान्समिटर : |
| ङ) एण्टेनाः | |

(अन्य विवरण भए सो समेत खुलाउने)

७. रीले स्टेशन प्रशारण स्थापना हुने ठाउँ र प्रशारण केन्द्र :

८. प्रशारण हने क्षेत्र र जनसङ्ख्या :

९. रीले स्टेशनबाट प्रशारण शुरु हुने मिति :

१०. प्रशारणमा प्रयोग हुने भाषा :

११. प्रशारण क्षमता :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१२. प्रशारण समय र समयावधि :

१३. प्रशारण गरिने कार्यक्रमहरु :

१४. प्रशारण गर्दा प्रयोग गरिने उपकरणहरु :

१५. इजाजत पत्र बहाल रहने मिति :

१६. प्रशारण गर्दा पालना गर्नु पर्ने शर्तहरु :

क) कार्यक्रम पालना गर्दा प्रचलित कानूनको पालना गर्नु पर्नेछ।

ख) प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी ऐन, २०७५ र प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रशारण सम्बन्धी नियमावली, २०७६ मा तोकिएका शर्तका अतिरिक्त मन्त्रालयले समय समयमा तोकिदिएका अन्य शर्तहरुको समेत पालना गर्नुपर्नेछ।

ग) प्रचलित कानूनद्वारा तोकिएको मापदण्ड बमोजिमको स्टुडियो र प्रविधिको प्रयोग गर्नु पर्नेछ।

मन्त्रालयको छाप :

इजाजत पत्र दिने अधिकारीको :

सही :

नाम :

मिति :

दर्जा :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची - ८
**(नियम ११ को उपनियम (१) सँग सम्वन्धित)**

<u>सञ्चार संस्थाको हक हस्तान्तरण गर्दा दिने जानकारीको ढाँचा</u>

श्रीमान् सचिवज्यू,
<u>...................................... मन्त्रालय,</u>
प्रदेश नं.१, विराटनगर ।

त्यस ..................................................... मन्त्रालयमा मिति .................. मा ................................ नाउँमा दर्ता भएको द.नं. .............................. को ........................... सञ्चार माध्यम (रेडियो/एफ.एम./टेलिभिजन) मिति .......................... मा ..................... बाट मैले/ हामीले प्राप्त गरेकोले सो सञ्चार माध्यमको स्वामित्व हस्तान्तरण भएको कागजातको प्रमाणित प्रतिलिपि संलग्न गरी यो जानकारी पेस गरेको छु / छौं। उक्त सञ्चार संस्था मेरो/ हाम्रो नाउँमा कायम गरी पाउन अनुरोध गर्दछु/छौं।

निवेदकको :

संस्थाको छाप

सही :
नामः
ठेगानाः
मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची - ९

(नियम ११ को उपनियम (२) सँग सम्वन्धित)

स्वामित्व हस्तान्तरण भएका सञ्चार माध्यमहरुको दर्ता राखिने ढाँचा

| द. नं. | सञ्चार माध्यमको नाम | किसिम | दर्ता मिति | हस्तान्तरण भएको मिति | हस्तान्तरण गर्नेको नाम र ठेगाना | हस्तान्तरण गरी लिने व्यक्तिको नाम र ठेगाना | कानून बमोजिम बुझाउनु पर्ने शुल्क बुझाएको /नबुझाएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तोकिएको अधिकारीको

नाम, थर :

पद :

दस्तखत :

मिति :

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची – १०

(नियम ११ को उपनियम (२) सँग सम्वन्धित)

स्वामित्व हस्तान्तरण पश्चात दिइने निस्साको ढाँचा

| सञ्चार माध्यमको नाम | दर्ता मिति | हस्तान्तरण गर्नेको नाम र ठेगाना | हस्तान्तरण गरी लिनेको नाम र ठेगाना | स्वामित्व हस्तान्तरण को संक्षिप्त व्यहोरा | शुल्क दस्तुर दाखिला गरेको अन्तिम मिति/ रकम/ भौचर न. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | • पूर्ण................<br>• आंशिक...........<br>• अन्य ...... | | |

तोकिएको अधिकारीको

नाम, थर:

पद :

दस्तखत:

मिति:

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

अनुसूची - ११

(नियम १५ को उपनियम (१) सँग सम्वन्धित)

## अनुगमनको ढाँचा

इजाजत पत्र प्राप्त गर्ने संस्थाको नाम :

ठेगाना :

इजाजत पत्र नं.

फोन नं.

१. इजाजतपत्र नवीकरण भएको ☐ नभएको ☐

२. फ्रिक्वेन्सी नं.

३. प्रशारण क्षमता

४. प्रशारण सुरु मिति

५. करचुक्ता प्रमाणपत्र भएको ☐ नभएको ☐

६. संचारकर्मी संख्या महिला ☐ पुरुष ☐

७. भौतिक पूर्वाधारको अवस्था आफ्नै भवन ☐ भाडामा ☐

८. न्युनतम पारिश्रमिक लागू भएको ☐ नभएको ☐

९. प्रशारण भईरहेको समय ☐ बजे देखी ☐ सम्म

१०. संचारमाध्यमको समावेशिताको अवस्था (समावेशीताको संख्या उल्लेख गर्ने)............

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

११. अनुगमनबाट प्राप्त तथ्यहरुः

- ................................................................
- ................................................................
- ..............................................................

<u>अनुगमन गरिएको संञ्चार संस्थाको</u>

प्रतिनिधिको दस्तखतः

छापः

<u>अनुगमनकर्ता</u>

१.

२.

३.

४.

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १